# ७. अनन्त न्याय

क. मुख्य पदहरु

| | |
|---|---|
| हिब्रु ६:१-२ | २पत्रस ३:३-१५ |
| रोमी २:५-११ | हब्रु १०:२४-३९ |
| मत्ती २५:३१-४६ | मत्ती २४:१-५१ |

ख. परिचय

हामीलाई परिपक्वतामा पुग्न आवश्यक विश्वासको अन्तिम जगमा अब हामी आइपुगेका छौं. येशूका चेला - हामीलाई थाहा छ स्वर्गमा परमेश्वरको सिंहासनबाट निर्मल स्वच्छ जीवनको पानी बग्दछ. यहाँ श्राप छैन, मृत्यु, समुद्र, आंसु तथा रात पनि छैन. तर स्वर्ग भएजस्तै नरकको पनि अस्तित्व छ. अनन्त आशिष मात्र हैन अनन्त न्याय पनि उत्तिकै वास्तविक छ.

ग. न्याय (इन्साफ) शव्दको अर्थ के हो ?

"न्याय गर्नु" भन्ने क्रियापदको मतलव "छुट्टयाउनु" विशेष भिन्नता राख्नु, कसैमाथि निशाफ गर्नु, अड्कल गर्नु, लेखा दिनु, प्रश्न गर्नु, विवेकशील न्याय गर्नु, न्यायमुर्तिझैं न्याय गर्नु, मुद्दामा पर्नु, दण्ड तोक्नु, जबाफदेही बनाउनु, शासन गर्नु आदि हुन्छ.

घ. अनन्त इन्साफका बारेमा सिकाउनुको कारण

१. **हामी निरन्तर रुपमा कृतज्ञ हुन**

परमेश्वरको अनुग्रह र कृपाको निम्ति कृतज्ञ बन (रोमी ५:८-९; १थेस्स १:१०).

२. **हामी परमेश्वरको भयमा जिउन** (हिब्रु १०:३१; १पत्रस १:१७).

"तिनीहरुसँग नडराओ जसले शरीरलाई मार्छन तर आत्मालाई मार्न सक्दैनन. बरु शरीर र आत्मा दुवैलाई नरकमा नाश गर्नसक्नेसँग डराओ." (मत्ती १०:२८).

"नाश" शव्दलाई याद गर्नुहोस्. यसको अर्थ प्राणको अस्तित्व नै हराउने वा छताछुल्ल हुनेगरी पोखिने होइन तर यो केही काम नलाग्नेगरी बिग्रन्छ.

यसको अस्तित्व त रहन्छ तर यसको मौलिक अवस्थाको भग्नावशेष वा छांया जस्तो मात्र बाँकी रहन्छ. यसको अस्तित्वै हराउने नभएर यसको अस्तित्वमा शंका गर्नुपर्ने स्थिति आउंछ.

३. **हराएकाहरुको निम्ति प्रार्थनामा जोड दिन**
खीष्ट बिनाको मृत्युको भयावहताले गर्दा

४. **हामीले सुसमाचारलाई जस्ताको तस्तै मानिसहरुमा प्रशतुत गर्न** (रोमी १:१६-२०).
सुसमाचारले परमेश्वरको धार्मिकता र क्रोध दुवै प्रकट गरेको छ.

ङ. परमेश्वरको क्रोध कसरी प्रकट भएको छ ?

- मानिसको विवेकमा यदि यो कठोर वा मरिनसकेको भएमा.
- इतिहासमा, आदम र हव्वाको कथा जो अदनको बगैंचाबाट निकालिन्छन्, जल प्रलयमा, बाबेलको धरहरामा र सोदोम र गोमोराको शहरमा.
- शैतानले तिमी मर्नेछैनौ भनेपनि मृत्युको विश्वव्यापकतामा (उत्पत्ति ३:४).
- पापको परिणाममा. “मानिसले जे रोप्छ त्यही फल्छ.” (गलाती ६:७).
- कलवरीको महान घोषणामा. परमेश्वरको क्रोध शान्त पार्न येशूले ठूलो मूल्य चुकाउनुपऱ्यो. “हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो” (२कोरिन्थी ५:२१).

च. अनन्त न्याय भनेको ...

* प्रभुको महान र डरलाग्दो दिन (मलाकी ४:५).
* परमेश्वरको क्रोधको दिन जतिबेला उहाँको धार्मिक इन्साफ प्रकट हुन्छ (रोमी २:५).
* अधार्मिक मानिसहरुको इन्साफ र नाशको समय (२पत्रस ३:७).
* सिंहासनमा बस्नुहुने त्यो थुमाको क्रोधको दिन (प्रकाश ६:१६-१७).
* अनन्त न्याय निश्चित छ (प्रेरित १७:३०-३१; यशैया ४५:२३-२४) र परमेश्वरको राज्यको अंग नभएकाहरु पनि त्यसदिन त्यहाँ हुनेछन् (प्रकाश २१:८; लूका १६:१९-३१). यसको प्रभाव आतंकपूर्ण हुनेछ (यशैया २:१९; प्रकाश ६:१६-१७, हिब्रु १०:३१).

छ. अनन्त न्याय भनेको के हो ?

* सधैंको निम्ति नरकको आगोमा फालिनु हो (मत्ती १८:८-९).
* शैतान र उसका दूतहरुका साथ रहनु हो (मत्ती २५:४१).
* अनन्त दण्ड (मत्ती २५:४६).
* त्यस्तो अन्धकार जहाँ रुवाई र दाह्रा किटाई हुनेछ (मत्ती २५:३०).
* अनन्तसम्मका लागि लाज हेंला (दानियल १२:२).
* दोश्रो मृत्यु (प्रकाश २०:१४-१५).
* परमेश्वरदेखि सधैंको लागि विछोड (मत्ती २५:४१; २थेस्स १:९-१०).

ज. अनन्त न्यायको बारेमा अरु शिक्षाहरु

- अन्तमा केही अस्तित्वै नरहनेगरी सम्पूर्ण विनाश
- केही समयका निम्ति दण्ड त्यसपछि विनाश
- विश्वव्यापि मेल मिलाप यहाँसम्म कि अन्तमा शैतान पनि बच्नेछमाथि (ज) का सबै कुराहरु बाइबलसम्मत छैनन् (मत्ती २५:३१-४६; प्रकाश २०:१०; मर्कूस ९:४७-४८)

झ. न्याय हुनैपर्ने किन ?

* पाप परमेश्वरको विरुद्धमा भएकोले (रोमी २:१२)
* भक्तिहीनताको कारण (२पत्रस ३:७)
* अधार्मिकताको कारण (२पत्रस २:९)
* अनाज्ञाकारिताको कारण (यहूदा ६)
* अविश्वासको कारण (यूहन्ना ३:१८)
* अपराधको कारण (रोमी ५:१८)
* दुष्टकार्यको कारण (यूहन्ना ३:१९)

ञ. न्यायाधीश को हुनुहुन्छ ?

- परमेश्वर (प्रेरित १७:३१; रोमी ३:६; हिब्रु १२:२३; १ पत्रस ४:५)
- पुत्र (यूहन्ना ५:२२-२७; प्रेरित १०:४२)
- सन्तहरु (१कोरिन्थी ६:२-३)

ट. इश्वरीय न्यायको संचालनका सिद्धान्तहरु

* सत्यको प्रकाश प्रकट भएको अनुपात अनुसार (मत्ती १०:१४-१५; मत्ती १२:४१)
* इश्वरीय सर्वज्ञान (यूहन्ना ८:१५-१६; प्रकाश २०:१२-१५; रोमी २:२)
* परमेश्वरको वचन (यूहन्ना १२:४८-५०)
* व्यक्तिगत जिम्मेवारी (रोमी १४:१०-१२)
* व्यक्तिगत चरित्र (२कोरिन्थी ५:१०; रोमी २:५-६; १पत्रस १:१७; प्रकाश २०:१२)
* इश्वरीय निष्पक्षता (१पत्रस १:१७)
* ख्रीष्टका सन्तानहरुमा गरिएको व्यवहार (मत्ती २५:३१-४६; मत्ती १२:५०; १थेस्स १:५-१०)
* व्यवस्था (रोमी २:१२)
* धार्मिकता र न्याय (भजन ९:८; भजन ९६:१३; प्रेरित १७:३१; रोमी २:५; २तिमोथी ४:८; प्रकाश १९:११)
* उद्देश्य र मानिसको हृदयका भित्री अभिप्राय - मनसाय (१कोरिन्थी ४:५; रोमी २:१६)
* सुसमाचार (२थेस्स १:८)

ठ. इन्साफ कहिले हुन्छ ?

**१. इन्साफ भैसकेको छ**
- शैतान (यूहन्ना १६:११; कलस्सी २:१५)
- संसार (यूहन्ना १२:३१)
- मानिस (यूहन्ना ३:१८; यूहन्ना ५:२४; रोमी ५:९; रोमी ८:१)

**२. न्याय भैरहेको छ**
- पापीहरुको (रोमी १:१८-३२)
- क्रिश्चियनहरुको (१कोरिन्थी ११:३१-३२)

**३. इन्साफ हुनेछ**
- मृत्यु (हिब्रु ९:२७)
- अन्तको दिन (यूहन्ना १२:४८)
- त्यो दिन (मत्ती १०:१५; मत्ती ११:२२-२४; मत्ती १२:३६; प्रेरित १७:३१; रोमी २:५; १कोरिन्थी ३:१३; २ थेस्स १:१०; २पत्रस २:९; २पत्रस ३:७; १यूहन्ना ४:१७)

- ख्रीष्टको आगमनमा (मत्ती २५:३१; १कोरिन्थी ४:५; २थेस्स १:७-१०; २तिमोथी ४:१; यहूदा १४-१५)

४. **त्यो ठाउँमा इन्साफ हुनेछ**

- देशहरुका निम्ति महिमाको सिंहासन अगाडि (मत्ती २५:३१-४६)
- सन्तहरुका निम्ति ख्रीष्टको न्यायासन सामून्ने (रोमी १४:१०; २कोरिन्थी ५:१०)
- पापीहरुका लागि ठूलो सेतो सिंहासन अगाडि (प्रकाश २०:११-१५)

५. **के हुनेछ ?**

- पापीहरुको इन्साफ हुनेछ र तिनीहरुको निम्ति अनन्त दण्ड तोकिनेछ (२थेस्स १:८-९; प्रकाश ११:१८; मत्ती २५:४६; प्रकाश २०:१५)
- परमेश्वरमा धार्मिक जनहरु ख्रीष्टसँग सदा रहनेछन र ख्रीष्टमा तिनीहरुले गरेको कामको निम्ति इनाम पाउनेछन.
- हामी येशूका चेलाहरुले नष्ट हुन लागेकाहरुलाई बचाउनुपर्छ र मर्न लागेकाहरुको स्याहार सम्भार गर्नुपर्छ.

## ङ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. यदि परमेश्वर प्रेमको परमेश्वर हुनुहुन्छ भने येशूलाई प्रभु र मुक्तिदाता स्वीकार नगर्नेहरुलाई उहाँ किन अनन्त दण्डको भागी हुनदिनुहुन्छ ? (हिब्रू १०:२६-२९)

२. कुनैपनि परिस्थितिमा के परमेश्वरले आफ्नो न्यायशीलता, धार्मिकता र पवित्रतालाई तिलाञ्जली दिनसक्नुहुन्छ ?

३. के हामी परमेश्वरको भयमा जिउनुपर्छ ? (१पत्रस १:१७)

४. मानिसले पाप गर्न रुचाएर परमेश्वरको क्रोध आफूमाथि निम्त्याएको छ. त्यो क्रोधलाई येशूले कसरी शान्त पार्नुभयो ?

५. अनन्त न्यायको शिक्षाद्वारा हामी ख्रीष्टको निम्ति साक्षी हुन किन उत्साहित हुनुपर्छ ?

## ढ. सारांश र प्रयोग

१. मानिसले एकचोटी मर्न र त्यसपछि न्यायको सामना गर्नुपर्नेछ (हिब्रु ९:२७).

२. परमेश्वर पवित्र र न्यायी हुनुहुन्छ अनि उहाँ झुटो बोल्नसक्नुहुन्न. उहाँमा कहिल्यै परिवर्तन हुँदैन. उहाँको स्वभाव र चरित्र साँचो छ. त्यसकारण मानिसले परमेश्वरको विरुद्धमा गरेको पापको न्याय हुनैपर्छ (याकूब १:१७, गन्ती २३:१९).
३. श्राप र मृत्यु नभएको ठाउँमा परमेश्वरका जनहरु जानुपर्छ जहाँ तिनीहरु येशूसँग सदाकाल रहनसक्छन.
४. परमेश्वरले येशूमा तयार पार्नुभएको योजनालाई स्वीकार गर्दै नगर्ने व्यक्तिहरुले अनन्त दण्ड पाउनेछन.
५. हामी येशूका चेलाहरुलाई हराएकाहरुलाई खोज्न र परमेश्वरको भयमा जिउनको निम्ति अनन्त न्याय एउटा आधारभूत जग साबित भएको छ.